# राजधानी

यो शहर यदि थाल भए
यो शहरको रङ्ग एक परिकार

यो शहर अजबको
परिकार गजबको

झट्ट हेर्दा लाग्छ यो हो कुनै सिकारुले बनाएको झट्पटको लट्पट्
अथवा शायद हो यो कुनै जादुगरी भान्सेले बनाएको छट्पटको चट्पट

यो शहर यदि थाल भए
यो शहरको रङ्ग एक परिकार

यो शहर अजबको
परिकार गजबको

एक मुठी बिकास
एक आहाल बिनाश

एक  चिम्टी उल्लास
एक कित्ली हतास

एक लर्को आश
दुई सर्को गर्हौं सास

यो शहर यदि थाल भए
यो शहरको रङ्ग एक परिकार

छरिएको छ थालाई भरी मात्र टिप्नु बाकी अवसरको रास
यहाँको माटो बांझो छ कसैलाई फल्छ मात्र निराशाको गास

शहरको चारैतिर फैलिरहेछ रहरको सुबास

लाग्छ नदेखु यत्रतत्र डङ्ढङ्ती पल्टिरहेको विश्वासको लाश

उच्छिटिदै आउछन कोही बोकी परिचय खोज्ने एक पोका प्रयास
आखिर मान्चेकै पोका न हो यो शहर , को पृथक को झ्यास्म्यास

यो शहर अजबको
परिकार गजबको

बाटैभरी दिनरातै लाग्ने औकातको ऐनाभित्र चाहनाको हाट
बाटोको छेउमा पाउछ एउटा भुस्याहाले अर्को बेकारीको निकम्मा लात

चोकको  बिचैबाट कसैको देश हाक्ने आंट
त्यही चोकमा फत्किरहेछ लाटीको एकोहोरो फलाक

यही शहरको भीडमा कसैको जोडी पाउने ताक
त्यही भीडमा कामीरहेको छ कसैको आमा हराउने त्राश

यो शहर अजबको
परिकार गजबको

यो शहर यदि थाल भए
यो शहरको रङ्ग एक परिकार

एक लर्को आश
आशको बजारै बजार छरपस्ट अत्यास |

## छेपारोको  बयान

जुन दौडको अन्त्य अर्को दौड हुन्छ,
त्यस अर्थहीन दौडमा घिसृनै पर्छ भन्ने के छ ?

बरु यस पारिलो घाममूनी पर्लक्क पल्टेर,
यो सस्तो दीन बिताइदिदा,
आखिर के हुन्छ ?

## सम्झना

नागार्जुनमाथिको गुलाबी बादल अनि बल्दो आकाश जस्तो,
भिजेको कौशीमा परेको छड्के पहेलो घामजस्तो,

चर्केको गमला एक मौका छोपी भित्र बाहिर रसिएजस्तो,
फुस्रीएको मकैको त्यो पात फेरी एकपटक टल्केजस्तो,

अनि कसैले बनाएर अघिल्तिर राखिदेको फिका चियाको चुस्कीजस्तो,
सम्झना मीठो छ झरीपछिको त्यो बेलुकीपखको |

## मेरो आमाको बारी

आगनमा छपक्क मकैबारी
कौशीमा लटरम्म लौकाबारी

बार्दलीमा गमलाबारी
गमलाबारी कस्तो भन्दा आदा फुलबारी आदा करेसाबारी

सयपत्री, बेगमली कुनैमा
त कुनैमा घिउकुमारी र अकबरे खुर्सानी

मेरो आमाको गमलाबारी
आदा फुलबारी आदा करेसाबारी

अनि कहिलेकाही चल्छ त्यहाँ
गमलाको फुलमा करेसाको हमलावारी

गमलाको चेपबाट,
फुल्दै गरेको पिटुनिआको छेउमा,
खुसुक्क उमृन्छ एउटा गोलभेडा

"कस्तो फुस्रो हिस्सी नपरेको!"
उखाल्न खोज्छु म ।

मलाई रोक्दै आमा भन्नुहुन्छ,
"नकरा न छोरी । यो गोलभेडाको बोट अहिले पो फुस्रो ।
पछी फल्छ । पाक्छ । पाकेर रातो हुन्छ ।
अनी त यो पनि फुlai जस्तो त हुन्छ ।"

मेरो आमाको बारी ।

पाकेको गोलभेडालाई फुल देख्ने मेरो आमाको लागी

के गमलाबारी, के करेसाबारी

आखिर, सबै फुलबारी ।

## अपरिचित हिउं

रातैभरि लस्कर झरेर,
मेरो यो कोठावरिपरि डेरा जमाउने,
मेरो ल्याब जाने बाटोभरि  अघिल्तिर फ्यात्त पसृने,
अनि जता गयो त्यतै त्यसै त्यसै पछ्याउने ,
यो बिरानो हिउंलाई म अङ्गाल्नै सक्दिन |

झरि चिनछु,

असिना चिनछु ।

तर यो हिउं, अहं, अझै चिने जस्तो लाग्दै लाग्दैन ।

तर के थाहा ?
कुनै दिन,
यो हिउं पग्लिएर गैसकेको बेला,
नयां हिउं पर्न पनि छाडिसकेको बेला,
दराजको एक कुनामा झुन्डएको,
पुरानो कोटको थोत्रो खल्तिबाट,
यो हिउंको एक छेस्काले,
चिनेझै गरी,
मतिर चियायो भने ?

## ओसिएको सलेदो

ओसिएको सलेदो,
एक बल्दो आगो खोज्दछ ।
अथवा एक चोइटो अगुल्ठो ।
त्यो पनि नभेटे,
एक मुठी आलो खरानीमै भए पनि,
एक झिल्को फिलिङ्गो भेटी,
त्यो सलेदो,
कसो कसो बल्न खोज्दछ ।

ओसिएका उसका आखा अचेल,
बिरानो भीडमा न्यानो खोज्दछ ।
त्यस भीडमा अल्झिएको,
कुनै अपरिचितले छाडेको नम्र मुस्कानमै,
एउटा सानो आड भेट्दछ ।

## फत्तेपूरको हाटबजार

हिजोको सांझ बाबाले खनेको,
त्यही रात आमाले अगेनामा उसिनेको,
डोकोभरी एक भारी तरुल लगाइ,
फत्तेपूरको हाटबजार भर्न ,
निस्केका छन यी दिदिभाइ|

फत्तेपूरको हाटबजार,
काली र कटुन्जे तरि,
पुगेकाछन दिदिभाइ,
डोकोभरी तरुल , बेच्नुपर्ने कसैगरी |

एकातिर तृजुगाको किनार
अर्कोतिर चुरे बनको बार
फत्तेपूरको हाटबजार
मुलबाटोको वारपार घरै घरको घार

तीनतले मन्दिर
धमिलो नहरमाथी सिमेन्टी पूल,
कहाँ कता बाट आको मन्छेको हूल
टन्टलापूर घाम
थालभाडा लुगाफाटा
जतातती सामानको झिलमिल
सिलाबरे थालमा घामै टल्किन्छ टिलपिल
त्यो भिडभाडमा धुलौटे माटोको एक खाली डिल |

त्यो डिलमा दिदीले राखिन एक पातलो सुकुल
अनी त्यो सुकुल माथि लहरै टुक्राटुक्री तरुल |

फत्तेपूरको हाटबजार,

आफै जलो डोको बोकी,
आएका यी दिदिभाइ,
फर्कनुछ साझ घर,  दुई गाउं पारी  ।

दिनभरको हाटबजारको कमाई,
दश वटा नोट , दुई दाना सुन्तला,
एक सोली मुरही, अनि आखाभरी जुलेबी ।

## पापको लाश

छाती पिटी पिटी रुन्छ ऊ ।
तर प्रायश्चितको आसुले
त्यो लाश पखाल्न सक्दैन ।

आगनमा पर्लक्क तेर्साएर
माफीको आशमा
आकाशतिर हेर्छ ऊ ।
तर लुते घामले त्यो लाश
सुकाउन सक्दैन ।

फतक्क गलेको त्यो लाश कुर्दाकुर्दै,
उसको कमजोर आत गलिसकेको छ ।
यो मरेको सिनोको सामिप्यमा,
ऊ पनि दिनदिन मर्दैछ ।

हरे यो दुर्दशा!

मैले भनिदिए उसलाई ,
गाडिदेउ यो पापको लाशलाई ।

छाडिदेउ मिती पुगेको यो सिनोलाई ।

पापले पोल्छ,

र पोल्नु पनि पर्छ ।

तर कुनै पनि पाप

एक जीवनभन्दा ठुलो हुन सक्दैन ।

यो पापको प्रायस्चितमा,

तिमीले आफुलाई अर्को लाश बनाउनु हुँदैन ।

यो माटोले बिश खाएर फूल फुलाउछ ।

यही माटोमा टेकेर तिमीले नया बाटो पहिल्याउनुछ ।

पापले पोल्छ,

र पोल्नु पनि पर्छ ।

तर पाप जति घोर भए पनि

जीवन त आखिर निर्दोश हुन्छ ।

पाप कस्तै कुरुप भए पनि त्यस पश्चात

एक सुन्दर रहर फुल्न सक्छ ।

## अँजुली

आकार बिहिन ,
किनारा बिहिन ,
कुनै फिका तरल जस्तो,
एकैछिनमा छताछुल्ल हुने,
म बेहोशीलाई,
तिम्रो न्यानो हत्केलाको,
मायालु अँजुली चाहिन्छ ।

दया गरेर,
समाइराख है ।

## खोला पारीको टोलमा

नाङ्लोमा सुकाएको मूलाको चाना,
मुतेको डसना,
मध्यरातमा मतुवाको गाना,
अनि स्कूलबाट भागेको निहुमा,
छोराले पाएको सिर्कुना |

यहाँ सडकैभरि छरिएको छ जीवन |

आगन बार्नलाई इटा नपुगेर,
गुजुल्टो पारेर खाटमूनि
लुकाउनलाई एक टुक्रा थाङ्ना नभेटेर,

यहाँ सडकैभरि छ्याप्छ्याप्ती अलपत्र छ जीवन |

# Weaver

Hey weaver,
some weave their nests,
some narratives.

seems you are weaving a new one and you need a little lead
my waves are your threads and take my tears as your beads.

Tell me,
oh weaver !
what story will I be.

# City Game

You are a good man.
we both know that.
But all your warmth of kindness
cannot melt the eternal winter of my heart.
Our autumn was postcard-perfect.
I wish I could make that last.
But this heart always tries to evade.
it  is some drama or it is dead,
Charles river has never flooded.

Golden long locks with gentle curls,
and a smile gleaming as pearls,
with a backdrop of shimmering blue,
riding up and down the bay hills,
he comes carrying the morning hue.
He has tender eyes and firm thighs,
he is a rebel and a mama's boy.
I collect stories and he collects flags,
like two children, we share our bags
he will listen to all your troubles
and he also has a lot to solve
he is an old soul
his brows ache in precocious pain
yet his cheeks are satin-soft
and his lips pastel-shade
chaos is rhythm
Golden gate is a solemn cradle
this bay is  beautiful but it cannot make me sway

"What tune shall I play?"
he breathes into your ear.
He collects the glimmer of your eyes
and offers them back mixing in his bourbon cocktails
He waits for the gestures of your smiles
and make them lead the music of his metal pipes.
he improvises his beats for you

he improvises this night for you.
He is a master.
He must have lived to learn this finesse.
He must have lived to earn this calm.
though he meets you in your journey
he must have made his own
before he parked on New Orleans
"Which tune shall I play?"
he breathes into your ear.
He is a master and he is your slave.
He will listen to your eyes and wait for your smile
he can play his best tune with no strings attached.
His pipes is a pitcher and the melody will flow till the early flight
charm is his service and you are his queen for the night.

Forget the moon, forget the stars
I cannot even see sky
besides the one
refelcted in tall silver windowpane.
People come in
People come out.
People may cover.
But nowhere to hide.
You can scan, you may scrape
You may even try to connect
figments of incomplete tales
traced in people's faces
sudoku of jokes
And crosswords of pain
I try to read on the subway train.
This is the city.
The home for the homeless.
I was a homeless when we crossed
Brooklyn bridge was full of sparks
cherries and mahoganies in Central Park
eyes of an angel and smirk of a devil.
he walks like a boss and claims to be an underdog.
I am a reader but he was a puzzle, impossible.
He invites me inside his dusty walls of mayhem.
I gasp at the beauty of his rusty stratum
and want to drink from his plastic fountain

in his sordid effortlessness, unfolds my deprivation
chaos blossoms into infantile patterns
my nerve rests poised
I can walk on wire now as I met my circus
he told me I could touch at once both the earth and the sky
He told me he will hold me so that I could fly
he was full of lies that I wanted to buy.
weakness is pretty
passion a tempting mire
I was combustible for his kind of fire.
'are we made for each other?'
sparks and fire, there was all
but pushing buttons
is still a game,
though visceral.
I smile and he smiles back.
I was a homeless and he could be alone
ends are never set in stone
he is from the streets, full of stories.
walls gaze at the people as people pass the walls
alleys bear your imprint, albeit hidden beneath
squares remember the faces that they have reflected
cities yearn to talk to you
as they live with these layers of tales
you can see their terraces spattered in jubilation
and you may hear their trees occasionally sigh with resignation
If living is about making stories,
cities are living as you and me
cities live within us as we live in cities
I have been a stray destined to roam
memories are anchor to a lost tramp
I need to go back to the mountain city,
that is my home.